वर्ष ८

अङ्क ३

बैशाख, २०८३


# उद्यमशीलता त्रैमासिक बुलेटिन

नेपाल सरकार

# उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौँ

## बुलेटिनभित्र......

१. तथ्याङ्कमा उद्योग
२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधनः
३. स्टार्टअप प्रवर्द्धन कार्यक्रम
४. औद्योगिक तथा लगानी प्रवर्धन कार्यक्रम
५. वाणिज्य क्षेत्र
६. लघु घरेलु तथा साना उद्योग प्रवर्धन
७. कम्पनी प्रशासन
८. आपूर्ति तथा उपभोक्ता हित संरक्षण
९. रणनीतिक साझेदारी कार्यक्रम

सम्पादकीय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी, व्यापार तथा उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलब्धि सम्बन्धित सरोकारवालाहरूसमक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अङ्कमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धन एवम् व्यापार तथा वाणिज्य क्षेत्रमा मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८२।८३ को तेस्रो त्रैमासिक अवधिमा सम्पादन भएका प्रमुख कार्य तथा उपलब्धीहरू समेटिएका छन्।

चालु आर्थिक वर्षको यस त्रैमासिक अवधिमा मन्त्रालयले नीतिगत सुधार, सेवा प्रवाहमा सरलीकरण, डिजिटल प्रणालीको उपयोग, नीतिगत समन्वय तथा निजी क्षेत्रसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने प्रयासलाई निरन्तरता दिएको छ। नयाँ सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुलाई प्राथमिकतामा राखेर कार्यक्रम कार्यान्वयन गरिएको छ। मन्त्रालयमा प्राथमिकताका क्षेत्रमा उत्पादकत्व अभिवृद्धि, निर्यात प्रवर्धन तथा उपभोक्ता हित संरक्षणका कार्य अगाडि बढेका छन्।


विश्वव्यापी आर्थिक प्रतिस्पर्धा, प्रविधिमा तीव्र परिवर्तनका बीच नेपालले पनि नवप्रवर्तन, प्रविधि हस्तान्तरण तथा हरित औद्योगिकीकरणलाई विकासको आधारका रूपमा आत्मसात् गर्न आवश्यक छ। तसर्थ, औद्योगिक लगानी बढाउन र गुणस्तरीय व्यापार पूर्वाधार विकासमा नीतिगत तथा व्यवहारिक पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।- सम्पादक मण्डल

## १. तथ्याङ्कमा उद्योग

### क) उद्योग दर्ता

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्म उद्योग विभागमा ६५४ वटा नयाँ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगहरूमा ४ खर्व ४७ अर्ब ७५ करोड लगानी र ३३ हजार १ सय ६८ रोजगारी प्रस्ताव भएको छ।

दर्ता भएका जम्मा उद्योग मध्ये ठुला उद्योगको सङ्ख्या ५७, मझौला उद्योगको सङ्ख्या ४८ र साना उद्योगको सङ्ख्या ५४९ रहेको छ।




स्रोतः उद्योग विभाग

### ख) विदेशी लगानीः

चालु आ.व. को तेस्रो त्रैमासिक अवधिमा उद्योग विभागबाट १४० वटा विदेशी लगानीका आयोजना एवम् उद्योगहरू स्वीकृत भएका छन्। सो मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको सङ्ख्या ११२ रहेको छ। उद्योगहरूमा कुल

रु. २ अर्ब ५५ करोड विदेशी लगानी र ती विदेशी लगानीका परियोजनामा २१९४ रोजगारी प्रस्ताव गरिएको छ। चालु आ.व.को चैत्र मसान्तसम्ममा विदेशी लगानीका ६१५ वटा उद्योग दर्ता भएको र ती उद्योगमा ४१ अर्व ७८ करोड लगानी तथा २२ हजार ३ सय १६ रोजगारी प्रस्ताव भएको छ।

ग) पेटेन्ट डिजाइन र ट्रेडमार्कः

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या ११३४ रहेको छ भने ७० वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुङ्गो/किनारा लगाइएको छ। भारतमा रियायती निर्यातको लागि सर्टिफिकेट अफ ओरिजिन सिफारिस सङ्ख्या १७ रहेको छ। उद्योग विभागबाट यस अवधिमा १९ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएको छ।

चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या २६५४, ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुङ्गो/किनारा १८३, भारतमा रियायती निर्यातको लागि सर्टिफिकेट अफ ओरिजिन सिफारिस सङ्ख्या ५४ र प्रारम्भिक वातावरणीय परीक्षण संख्या ५७ रहेको छ।

२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधनः

लघु उद्यमको विकास र प्रवर्धनको माध्यमवाट स्वदेशी उत्पादनको अभिवृद्धि गर्दै गरिबी निवारणमा सहयोग पुर्याउने उद्देश्यले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा भएको।

विद्युतीय माध्यमद्वारा हुने व्यापारलाई पारदर्शी, सुरक्षित, विश्वसनीय र उपभोक्तामैत्री बनाउन विद्युतीय व्यापार (इ-कमर्स) ऐन, २०८१ बमोजिम विद्युतीय व्यापार (इ-कमर्स) निर्देशिका, २०८२ जारी गरी कार्यान्वयनमा आएको छ।

३. स्टार्टअप प्रवर्धन कार्यक्रमः

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गत स्टार्टअप उद्यम कर्जाका लागि परियोजना प्रस्तावको प्रारम्भिक सूची प्रकाशनको लागि प्रारम्भिक मूल्याङ्कनको कार्य गरिरहेको छ।

४. औद्योगिक तथा लगानी प्रवर्धन कार्यक्रमः

क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४२ बमोजिम मिति २०८२/११/४ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वचालित मार्ग (अटोमेटिक रूट) बाट हुने विदेशी लगानीको माथिल्लो सीमा हटाउने र उद्योग व्यवसायका क्षेत्रमा संशोधन गरिएको छ।

ख) निजी क्षेत्रको सहकार्यमा नवप्रवर्तन र स्टार्टअप व्यवसायको विकास र प्रवर्धन गर्न उद्यमशील वातावरणको सिर्जना गर्ने र नवप्रवर्धन, सूचना प्रविधि र उच्च बृद्धिमा आधारित उद्यमको विकास गर्ने उद्धेश्यले नवप्रवर्धन, सूचना प्रविधि र उच्च बृद्धिमा आधारित उद्यमको प्रवर्धनका लागि अन्तर्क्रिया

तथा क्षमता विकास कार्यक्रम २०८२ फाल्गुन ५ गते मंगलबार सम्पन्न भएको छ। काठमाडौं विश्विद्यालय स्कुल अफ म्यानेजमेन्ट, बालकुमारी ललितपुरमा सम्पन्न उक्त कार्यक्रममा विश्वविद्यालको सामाजिक उद्यमशीलता विकास विभागका प्रशिक्षक, विद्यार्थी, उद्यमशीलता तथा स्टार्टअप व्यवसायमा संलग्न निजी क्षेत्रका लगानीकर्ताहरूका प्रतिनिधि, मन्त्रालयका प्रतिनिधि र सरोकारवालाहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा **नवप्रवर्धन, सूचना प्रविधि र उच्च बृद्धिमा आधारित उद्यम** सम्बन्धी नीतिगत व्यवस्था, यस सम्बन्धी उद्यमलाई प्रवर्द्धन गर्ने, उद्यमीहरुको क्षमता विकास कसरी गर्ने तथा सरोकारवालाबीच सहकार्य र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरिरहेका सुधारका विषयमा प्रस्तुतीकरण गरिएको थियो। काठमाडौं विश्विद्यालय स्कुल अफ म्यानेजमेन्ट, सामाजिक उद्यमशीलता विकाश विभागको तर्फबाट नवप्रवर्तन तथा सूचना प्रविधिको उपयोगमार्फत उच्च वृद्धिमा आधारित उद्यमको विकास सम्बन्धमा सैद्धान्तिक तथा अनुभव सहितको प्रस्तुतीकरण भएको थियो।

ग) उत्पादनमुलक क्षेत्रमा लगानी परिचालन सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम मिति २०८२/११/१ मा नुवाकोट जिल्लाको विदुर नगरपालिकामा र मिति २०८२/१२/११ मा नवलपरासी जिल्लाको गैडाकोट नगरपालिकामा सम्पन्न भयो। उपरोक्त कार्यक्रमहरुमा उत्पादनमुलक क्षेत्रमा औद्योगिक विकास तथा लगानी संभाव्यता सम्बन्धमा स्थानीय उद्योगी व्यवसायी तथा जिल्लस्थित सार्वजनिक निकायका प्रतिनिधिबीच अन्तर्क्रिया गरी सुझाव संकलनको कार्य गरिएको थियो।

**५. वाणिज्य क्षेत्र**

२०८२ चैत १२ देखि १४ गते (तदनुसार २६-२९ मार्च सन् २०२६) सम्म क्यामरुनको याउण्डेमा विश्व व्यापार संगठनको चौधौं मन्त्रीस्तरीय सम्मेलन र उक्त सम्मेलनको पूर्वसन्ध्यामा २०८२ चैत १९ गते (तदनुसार २५ मार्च सन् २०२६) मा सोही स्थानमा सम्पन्न भएको १४औं China Round Table on WTO Accession सम्पन्न भएको छ।

**६. लघु घरेलु तथा साना उद्योग प्रवर्धन**

लघु उद्यमको विकास र प्रवर्धनको माध्यमवाट स्वदेशी उत्पादनको अभिवृद्धि गर्दै गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ कार्यान्वयनमा आएको छ।

**७. कम्पनी प्रशासन**

कम्पनीको वार्षिक विवरण पेश गर्ने, पुँजी वृद्धि गर्ने र प्रतिलिपि प्रदान गर्ने कार्यलाई अटोमेशनमार्फत सम्पन्न गरी कम्पनी प्रशासनलाई छिटो, छरितो बनाउने कार्य गरिएको छ। E-Service र दर्ता खारेजीको

लागि आवश्यक सनाखत स्थानीय तह बाटै हुनेगरी व्यवस्था मिलाइएको छ।

आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकसम्म कुल कम्पनी दर्ता संख्या ३७१९९८ रहेको छ।

**८. आपूर्ति तथा उपभोक्ता हित संरक्षण**

दोलखा र नुवाकोट जिल्लामा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ।

**९. रणनीतिक साझेदारी कार्यक्रम**

सन् २०३० सम्मको लागि एशियाली उत्पादकत्व संगठन (APO) र नेपाल सरकारबीच साझेदारीका क्षेत्रहरू स्पष्ट गरी Strategic Partnership Program मा हस्ताक्षर भएको छ।

उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि National Productivity Masterplan तयार गर्न विषयगत मन्त्रालय र निजी क्षेत्रका संघसंस्था समेतको सहभागितामा Task Force गठन भई गुरूयोजनाको मस्यौदालाई अन्तिम रुप दिइएको छ।


**सम्पादक मण्डल**

- सहसचिव, श्री कल्पना श्रेष्ठ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- कार्यक्रम निर्देशक, श्री रामहरि पाण्डे, राष्ट्रिय योजना आयोग
- उपसचिव, श्री सृजना तिवारी, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उपसचिव (लेखा), श्री उदयराज भट्टराई, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- शाखा अधिकृत, श्री भेषराज शर्मा, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय